# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं कात्तिक २७ गते, २०६९ साल (संख्या ३२


## भाग ५

### नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

नेपाल सरकारले उखडा सम्बन्धी नियमहरु, २०२१ को नियम २ को उपनियम (१) को खण्ड (ख) बमोजिम देहायको जिल्लाको देहाय बमोजिमका पदाधिकारीलाई उखडा सम्बन्धी अधिकारी तोकेको छ,-

(क) रुपन्देही जिल्लाको लागि मालपोत कार्यालय, रुपन्देहीका प्रमुख,

(ख) कपिलवस्तु जिल्लाको लागि मालपोत कार्यालय, कपिलवस्तुका प्रमुख र

(ग) नवलपरासी जिल्लाको लागि मालपोत कार्यालय, परासी (नवलपरासी)का प्रमुख ।

### सूचना २

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी बाँके जिल्ला साविक चटार गा.वि.स. वडा नं. ३क को हाल कोहलपुर गा.वि.स. वडा नं. ३क मा अव्यवस्थित बसोबासीको रुपमा बसोवास गरी आएका व्यक्ति वा परिवारको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित बाँके जिल्ला कोहलपुर गाउँ विकास समिति अन्तरगत बसोवास गरेका अव्यवस्थित बसोवासीहरुको जग्गा दर्ता समिति सम्झनु पर्छ ।

(ख) "अव्यवस्थित बसोवासी" भन्नाले सरकारी जग्गामा घर बनाई वा आवाद कमोद गरी बसोवास गरी आएको नेपाली नागरिकता वा निज प्रति आश्रित परिवार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२. समितिको गठन :- (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँके - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, बाँके - सदस्य

(ग) प्रमुख, नापी कार्यालय, बाँके - सदस्य

(घ) सचिव, कोहलपुर गाउँ विकास समिति, कोहलपुर - सदस्य

(ङ) प्रमुख, मालपोत कार्यालय, बाँके -सदस्य सचिव

(२) समितिको वैठक महिनामा बढीमा ३ पटकमा नबढाई समितिको अध्यक्षले उपयुक्त ठहर्याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको वैठक बस्नको लागि अध्यक्ष र सदस्य सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकतानुसार राजनीतिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. समितिको काम, कर्तव्य र अधिकार :- समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बाँके जिल्ला साविक चटार गा.वि.स. वडा नं. ३क को हाल कोहलपुर गाउँ विकास समिति वडा नं. ३क मा अव्यवस्थित बसोवासीले विगत २० वर्षदेखि घर बनाई बसोवास गरी आएको वा जोतभोग गरी आएको जग्गाको भोगको आधारमा तीन पुस्ता सहितको लगत तयार गर्ने,

(ख) दफा ५ बमोजिमको कार्यविधि पुरा गर्ने र सो कार्यविधि पुरा भएपछि लगतमा परेको अव्यवस्थित बसोवासीको नाममा दर्ताका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ग) मन्त्रालयबाट सहमति प्राप्त भएपछि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याँकनको ५०% का दरले हुन आउने रकम असूल गरी जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाण-पूर्जा तयार गराउने तथा वितरण गराउने निर्णय गर्ने,

(घ) खण्ड (ग) बमोजिम रकम असूल भएपछि बसोवास गरि आएको आर्थिक वर्षदेखि चालू आ.व. सम्मको मालपोत असुलीका लागि स्थानीय निकायमा लेखी पठाई रसिदको प्रतिलिपी प्राप्त गर्ने,

(ङ) खण्ड (ग) बमोजिम अव्यवस्थित बसोवासीका नाममा जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहीत व्यक्तिको हकमा पति-पत्नि दुवैको संयुक्त नाममा दर्ता गर्ने,

(च) समितिको कार्यक्षेत्र अन्तरगत सरकारी तथा सार्वजनिक उपभोगमा रहेका जग्गाहरु सोही बमोजिम सरकारी/सार्वजनिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

जनाई नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरी जग्गाधनी दर्ता श्रेस्ता तयार गराउने,

(छ) उपर्युक्त बमोजिम कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या आइपरेमा मन्त्रालयबाट निकासा लिई भएको निकासा बमोजिम गर्ने ।

४. <u>निवेदन सम्बन्धी व्यवस्था</u> :- बाँके जिल्ला साविक चटार गा.वि.स. वडा नं. ३क को हाल कोहलपुर गाउँ विकास समिति वडा नं. ३क मा बसोबास गरी आएका अव्यवस्थित बसोबासीहरुले समितिबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र भोग सम्बन्धमा देहायको कागजात सलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय गाउँ विकास समितिले भोग सम्बन्धमा गरी दिएको सिफारिस,

(ग) साविक नापी हुँदा कायम भएको फिल्डबुकको प्रतिलिपि,

(घ) भोग सम्बन्धमा अन्य कुनै प्रकरणा भए सो को प्रतिलिपि ।

५. <u>कार्यविधि</u> :- दफा ४ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण संकलन तथा छानविन गर्नेछः-

(क) अव्यवस्थित बसोबासीहरुले बसोवास गरो आएको जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम सिमाना एकीन गर्ने, जग्गाको नापजाँच गर्ने, नक्सा तयार गर्ने, फिल्डबुक तयार गर्ने,

(ख) घर वा जग्गाको भोग सम्बन्धमा स्थानीय निकाय बुझ्ने,

(ग) भोग सम्बन्धमा सरजमिन तथा स्थलगत निरीक्षण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(ङ) हकदावी सम्बन्धी १५ दिने सार्वजनिक सूचना जारी गर्ने,

(च) आवश्यक्ता अनुसार अन्य प्रमाण बुझ्ने ।

६. <u>समितिको कार्यालय :-</u> समितिको कार्यालय मालपोत कार्यालय, बाँकेमा रहनेछ ।

७. <u>समितिको कार्यक्षेत्र :-</u> समितिको कार्य क्षेत्र बाँके जिल्ला साविक चटार गा.वि.स. वडा नं. ३क को हाल कोहलपुर गा.वि.स. वडा नं. ३क हुनेछ ।

८. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः-</u> (१) समितिबाट तयार भएका माइन्यूट लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण-पूर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाण-पूर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय बाँकेले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय वा नापी कार्यालयमा र जिन्सी सामानहरु मालपोत कार्यालय, बाँकेमा बुझाइनेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

९. <u>समितिको कार्य अवधि :-</u> समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ ।

१०. <u>विविध :-</u> (१) अव्यवस्थित बसोवासीका नाममा जग्गा दर्ता गर्ने गरी मन्त्रालयले समितिलाई सहमति दिंदा भोगका आधारमा सहमति प्रदान गर्नेछ ।

(२) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिबाट भएका कामको मासिक प्रगति विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना ३

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(१क) ले दिएको अधिकार प्रयोग गरी झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति अन्तरगत वडा नं. १ र ६ मा अव्यवस्थित बसोबासीको रुपमा बसोबास गरी आएका व्यक्ति वा परिवारको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. <u>परिभाषा</u> :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति अन्तरगत बसोवास गरेका अव्यवस्थित बसोवासीहरुको जग्गा दर्ता समिति सम्झनु पर्छ ।

(ख) "अव्यवस्थित बसोवासी" भन्नाले सरकारी जग्गामा घर बनाई वा आवाद कमोद गरी बसोवास गरी आएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२. <u>समितिको गठन</u> :- (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, झापा - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, झापा वा निजले तोकेको अधिकृत प्रतिनिधी - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रमुख, नापी कार्यालय, चन्द्रगढी झापा - सदस्य
(घ) सचिव, शान्तिनगर गाउँ विकास समिति, झापा - सदस्य
(ङ) प्रमुख, मालपोत कार्यालय, चन्द्रगढी झापा -सदस्य सचिव

(२) समितिको वैठक महिनामा बढीमा ३ पटकमा नबढाई समितिको अध्यक्षले उपयुक्त ठहर्‍याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. <u>समितिको काम, कर्तव्य र अधिकार :-</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति वडा नं. १ र ६ मा बसोबास गरी आएका अव्यवस्थित बसोबासी व्यक्ति वा परिवारबाट दफा ४ बमोजिम निवेदन माग गर्ने,

(ख) झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति वडा नं. १ र ६ अन्तरगतको सरकारी जग्गामा बसोबास गरी आएका अव्यवस्थित बसोवासी व्यक्ति वा परिवारको स्थलगत अध्ययन गरी २०२१ साल देखि २०४५ साल सम्म घर बनाई बसोवास गरी आएका वा जोतभोग गरी आएका व्यक्तिहरुको भोगको आधारमा तीनपुस्ता सहितको लगत तयार गर्ने,

(ग) दफा ५ बमोजिमको कार्यविधि पुरा गर्ने र सो कार्यविधि पुरा भएपछि लगतमा परेका अव्यवस्थित व्यक्ति वा परिवारको नाममा बढीमा क्षेत्रफल विगहा ०-१०-० जग्गा भोगको आधारमा दर्ता गर्ने निर्णय गर्ने र क्षेत्रफल विगहा ०-१०-० भन्दा बढी जग्गा भोग गरी आएकोमा बढी जति जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ग) बमोजिम अव्यवस्थित बसोवासीका नाममा जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति-पत्नि दुबैको संयुक्त नाममा दर्ता गर्ने गरी निर्णय गर्ने,

(ङ) खण्ड (ग) बमोजिम निर्णय गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याँकनको ५०% का दरले हुन आउने रकम असूल गरी जग्गाधनी दर्ता श्रेस्ता/ जग्गाधनी प्रमाण-पुर्जा तयार गराउने तथा वितरण गराउने गरी निर्णय गर्ने,

(च) खण्ड (ङ) बमोजिमको रकम असूल भएपछि बसोवास गरि आएको आर्थिक वर्षदेखि चालू आ.व. सम्मको मालपोत असुलीका लागि स्थानीय निकायमा लेखी पठाई रसिदको प्रतिलिपी प्राप्त भएपछि जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गराई जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गराउने,

(छ) समितिको कार्यक्षेत्र अन्तरगत सरकारी तथा सार्वजनिक उपभोगमा रहेका जग्गाहरु सोही बमोजिम सरकारी/सार्वजनिक जनाई नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरी जग्गाधनी दर्ता श्रेस्ता तयार गराउने,

(ज) वजेटको अधिनमा रहि समिति गठन भएको व्यहोराको व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने,

(झ) उपर्युक्त बमोजिम कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या आइपरेमा मन्त्रालयबाट निकासा लिई भएको निकासा बमोजिम गर्ने ।

४. <u>निवेदन सम्बन्धी व्यवस्था</u> :- झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति वडा नं. १ र ६ मा बसोबास गरी आएका वा जग्गा जोतभोग गरी आएका अव्यवस्थित बसोवासीहरुले समितिबाट सूचना प्रकाशित भएको ३० दिन भित्र भोग सम्बन्धमा देहायको कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय गाउँ विकास समितिले भोग सम्बन्धमा गरि दिएको सिफारिस,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) साविक नापीको समयमा तयार भएको नक्साको उतार,

(घ) साविक नापीको समयमा तयार भएको फिल्डबुकको प्रतिलिपि,

(ङ) भोग सम्बन्धमा अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि ।

५. कार्यविधि :- दफा ४ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण संकलन तथा छानविन गर्नेछः-

(क) अव्यवस्थित बसोवास गरी आएको जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम सिमाना एकीन गर्ने, जग्गाको नापजाँच गर्ने, नक्सा तयार गर्ने, फिल्डबुक तयार गर्ने,

(ख) घर वा जग्गाको भोग सम्बन्धमा स्थानीय निकाय बुझ्ने,

(ग) भोग सम्बन्धमा सरजमिन तथा स्थलगत निरीक्षण गर्ने,

(घ) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिए सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(ङ) हकदावी सम्बन्धी १५ दिने सार्वजनिक सूचना जारी गर्ने,

(च) आवश्यक्ता अनुसार अन्य प्रमाण बुझ्ने।

६. समितिकों कार्यालय :- समितिको कार्यालय मालपोत कार्यालय, चन्द्रगढी झापामा रहनेछ ।

७. समितिको कार्यक्षेत्र :- समितिको कार्यक्षेत्र झापा जिल्ला शान्तिनगर गाउँ विकास समिति वडा नं. १ र ६ हुनेछ ।

८. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः (१) समितिबाट तयार भएका माइन्यूट लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, चन्द्रगढी झापाले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय झापा वा नापी कार्यालय झापामा र जिन्सी सामानहरु मालपोत कार्यालय, झापामा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

९. <u>समितिको कार्य अवधि</u> :- समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ ।

१०. <u>विविध</u> :- (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

(३) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना ४

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(१क) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०२१ साल भन्दा अगाडि चितवन जिल्लाको साविक उत्तर कछाड प्रगलामा बसोवास गरी आएका व्यक्तिहरुको जग्गा वन प्रयोजनका लागि लिई सो को सट्टामा तत्कालिन रासीदुन (चितौन) जग्गा वितरण व्यवस्था कमिशनबाट हाल पर्सा जिल्ला अन्तरगत सुवर्णपुर. निर्मलबस्ती र ठोरी गाउँ विकास समितिहरुमा बसोवास गराइएका बसोबासीहरुको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. <u>परिभाषा</u>:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "बसोवासी" भन्नाले सम्बत् २०२१ साल भन्दा अगाडि चितवन जिल्लाको हिले, तीलकाने, आख्वाँ, गडुवा, लंकलाइन, सूर्यपुर, खोलो सिमलमा बसोबास गरी आएका व्यक्ति वा परिवारहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा वन क्षेत्रको प्रयोजनका लागि लिई सो को सट्टाभर्ना वापत तत्कालिन रासी दून (चितौन) जग्गा वितरण व्यवस्था कमिशनबाट पर्सा जिल्ला अन्तरगत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स. हरुमा बसोवास गराइ बसोबास गरी आएको नेपाली नागरिक वा निज प्रति आश्रित परिवार सम्झनु पर्छ । सो शब्दले त्यस्तो बसोवासी व्यक्ति वा परिवारबाट घरायसी लिखतको आधारमा जग्गा खरिद गरी बसोवास गरी आएका नेपाली नागरिक वा निज प्रति आश्रित परिवारलाई समेत जनाउनेछ ।

(ख) "सट्टाभर्ना" भन्नाले खण्ड (क) बमोजिम बसोबास गरि आएका बसोवासीलाई निजहरुले साविक चितवन जिल्लाको हिले, तीलकाने, आख्वाँ, गडुवा, लंकलाइन, सूर्यपुर, खोलो सिमलमा बसोबास गरी आएका व्यक्ति वा परिवारहरुको जग्गा वन क्षेत्रको प्रयोजनका लागि लिई सो जग्गा वापत हाल पर्सा जिल्ला अन्तरगत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गाउँ विकास समितिमा उपलब्ध गराईने जग्गा सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा २ बमोजिम गठित सट्टाभर्ना वापत पर्सा जिल्ला अन्तरगत बसोवास गराइएका बसोबासीहरुको जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२. <u>समितिको गठनः</u>-(१) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, पर्सा -अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, पर्सा वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) प्रमुख, नापी कार्यालय, पर्सा -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

(घ) सचिव, सम्बन्धित गाउँ विकास समिति -सदस्य

(ङ) प्रमुख, मालपोत कार्यालय, पर्सा -सदस्य सचिव

(२) समितिको बैठक महिनामा बढीमा ३ पटकमा नबढाई समितिको अध्यक्षले उपयुक्त ठहर्‍याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार राजनितिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विगतमा वन क्षेत्रको प्रयोजनको लागि साविक चितवन जिल्लाको हिले, तिलकाने, आख्वाँ, गडुवा, लंकलाइन, सूर्यपुर, खोलो सिमलबाट वस्ती उठाइएका व्यक्ति वा परिवारको लगत सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ख) खण्ड (क) बमोजिम बस्ती उठाई सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स. मा बसोवास गरी आएका विस्थापित परिवारलाई जग्गा उपलब्ध गराउने विषयमा विगतमा गठित सुकुम्वासी समस्या समाधान आयोग/विभिन्न समिति पर्साबाट भए गरेका निर्णय सहितको कागजातहरु कहाँ छन् पत्ता लगाई प्राप्त गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम प्राप्त कागजातको आधारमा देहाय बमोजिमको व्यक्ति वा परिवारको छुट्टा छुट्टै लगत तयार गर्नेः-

(१) के कति व्यक्ति वा परिवारले कुन स्थानमा जग्गा प्राप्त गरे र के कति व्यक्ति वा परिवारले जग्गा प्राप्त गर्न बाँकी छ ? एकीन गरी जग्गा प्राप्त गर्ने र जग्गा प्राप्त गर्न बाँकी रहेका व्यक्ति वा परिवारको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा आई बसोवास गरी पुनः साविक कै स्थान बसोवास गरी आएका व्यक्ति वा परिवारको।

(३) हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.हरुमा आई बसोवास गर्दै आएका व्यक्ति वा परिवारको ।

(४) वस्ती उठाइएका व्यक्ति मध्ये के कति व्यक्ति वा परिवार हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा आई बसोवास गरी घरायसी लिखतको आधारमा आफूले भोग गरी आएको जग्गा विक्री गरी अन्यत्र गएका छन ? ती व्यक्ति वा परिवार र त्यस्ता व्यक्तिहरुबाट जग्गा प्राप्त गरी हाल बसोवास गरी आएका व्यक्ति वा परिवारको ।

(घ) हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा आई बसोवास गरी पुनः साविक कै स्थान बसोवास गरी आएका व्यक्ति वा परिवारको विस्थापित परिवारको नामावलीबाट नाम कट्टा गर्ने,

(ङ) समितिको कार्य क्षेत्रभित्र बसोबास गरी आएका व्यक्तिबाट दफा ४ बमोजिम निवेदन माग गर्ने,

(च) वस्ती उठाइएका साविक चितवन जिल्लाको हिले, तिलकाने, आख्वाँ, गडुवा, लंक लाइन, सूर्यपुर खोलो सिमलको जग्गा विस्थापित परिवारको नाममा दर्ता भएको भए त्यस्तो दर्ता श्रेस्ता खारेज गरी नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरी श्रेस्ता खारेजीको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउने,

(छ) वस्ती उठाइएका र सो को सट्टा भर्ना वापत पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा बसोवास गराइएका व्यक्तिलाई विगतमा गठित सुकुम्वासी समस्या समाधान आयोग पर्साबाट तयार भएका जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपूर्जा खारेज गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) साविक चितवन जिल्लाको हिले, तिलकाने, आख्वाँ, गडुवा, लंक लाइन, सूर्यपुर खोलो सिमल गा.वि.स.बाट विस्थापित भई हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा आई बसोवास गरेका देहाय बमोजिमका व्यक्ति वा परिवारको नाममा देहाय बमोजिमको जग्गा दर्ता गर्ने तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा सम्बन्धित व्यक्ति वा परिवारलाई वितरण गर्ने निर्णय गरी जग्गाधनी दर्ता प्रमाण-पुर्जा वितरणको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनेः -

(१) वन क्षेत्रको प्रयोजनको लागि राज्यले प्राप्त गरेको क्षेत्रफल भन्दा कम जग्गा भोग गरी आएकोमा भोग गरे बमोजिमको जग्गा ।

(२) वन क्षेत्रको प्रयोजनको लागि राज्यले प्राप्त गरेको क्षेत्रफल भन्दा बढी जग्गा भोग गरी आएकोमा राज्यले प्राप्त गरेको क्षेत्रफल भन्दा बढी जग्गाको हकमा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकिदिएको मूल्याँकनको ५०% को दरले हुन आउने रकम असुल गर्ने गरी भोग बमोजिमको जग्गा ।

(३) विस्थापित परिवारले भोगचलन गरी आएको जग्गा घरसारको लिखतको आधारमा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरी अन्य व्यक्तिले भोग गरी आएकोमा त्यसरी हक हस्तान्तरण भएको हो होइन ? एकीन गरी मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकिदिएको न्यूनतम मूल्याँकन वा घरायसी लिखतमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सो थैली अंक कायम गरी राजिनामाको लिखत वापत तोकिएको दरले हुन आउने रजिष्ट्रेशन दस्तुर असूल गरी निजको दाताबाट राज्यले प्राप्त गरेको क्षेत्रफल सम्मको जग्गा भए अन्य रकम नलिई र सो भन्दा बढी भए बढी जति जग्गाको हकमा माथि खण्ड(२) बमोजिमको दरले हुन आउने रकम असूल गरी भोग बमोजिमको जग्गा सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खरिद गरी वसोवास गरी आएको व्यक्ति वा परिवारको नाममा ।

(झ) सट्टाभर्नामा वितरण गरीएको जग्गाको २०२१ साल देखिको मालपोत असुलीका लागि स्थानीय निकायमा पत्राचार गरी मालपोत बुझाएको रसिदको फोटोकपी पेश भएपछि जग्गाधनीदर्ता श्रेस्ता/प्रमाण-पूर्जा तयार गराउने,

(ञ) विवाहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने गरी निर्णय गर्ने ।

(ट) समितिलाई उपलब्ध वजेटको अधिनमा रहि समिति गठन भएको व्यहोराको व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने,

(ठ) उपर्युक्त बमोजिम कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या आइपरेमा मन्त्रालयबाट निकासा लिई भएको निकासा बमोजिम गर्ने ।

४. <u>निवेदन सम्बन्धी व्यवस्था</u> :- साविक चितवन जिल्लाको हिले, तिलकाने, आख्वाँ, गडुवा, लंक लाइन, सूर्यपुर खोलो सिमलमा बसोबास गरी आएका व्यक्ति वा परिवारलाई वन क्षेत्रको प्रयोजनको लागि उठाई हाल पर्सा जिल्लाको सुवर्णपुर, ठोरी र निर्मलबस्तीमा बसोवास गराईएका र सोही स्थानमा बसोबास गरी आएका बसोवासीहरुले समितिबाट सूचना प्रकाशित भएको ३० दिन भित्र देहायको कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय गाउँ विकास समितिले भोग/हकदार सम्बन्धमा गरी दिएको सिफारिस,

(ग) साविकमा राज्यले प्राप्त गरेको जग्गाको प्रमाणको प्रतिलिपि,

(घ) तत्कालिन रासी दुन(चितौन) जग्गा वितरण व्यवस्था कमिशनबाट कुनै कागजात प्रास गरेको भए सो को प्रतिलिपि,

(ङ) साविक नापी हुँदा कायम भएको नक्सा र फिल्डबुकको प्रतिलिपि,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सट्टाभर्नावाला व्यक्तिसंग घरायसी लिखतको आधारमा खरीद गरी लिएको भए सो लिखतको प्रतिलिपि,

(छ) हक भोग सम्बन्धमा कुनै प्रमाण भए सो को प्रतिलिपि ।

५. <u>कार्यविधि</u> :- दफा ४ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण संकलन तथा छानविन गर्नेछः-

(क) विस्थापित परिवारलाई उपलब्ध गराउने गरी छुट्याएको पर्सा जिल्ला अन्तरगत सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स.मा रहेका जग्गाका साविक सर्भे नापीको अवस्था र हाल भोगको अवस्था अध्ययन गरी आवश्यकता अनुसार जग्गा(नापजाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम जग्गाको सिमाना एकीन गर्ने, नापजाँच गर्ने, नक्सा फिल्डबुक/प्लट रजिष्टर तयार गर्ने,

(ख) हक तथा भोग सम्बन्धमा स्थानीय निकाय बुझ्ने,

(ग) हक तथा भोग सम्बन्धमा सरजमिन तथा स्थलगत निरीक्षण गर्ने,

(घ) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(ङ) हकदावी सम्बन्धी ३० दिने सार्वजनिक सूचना जारी गर्ने,

(च) आवश्यक्ता अनुसार सम्बन्धित कार्यालय बुझ्ने,

(छ) आवश्यक्ता अनुसार अन्य प्रमाण बुझ्ने।

६. <u>समितिको कार्यालयः-</u>समितिको कार्यालय मालपोत कार्यालय, पर्सामा रहनेछ ।

७. <u>समितिको कार्यक्षेत्र</u>:-समितिको कार्य क्षेत्र हाल पर्सा जिल्लाको सुवर्णपुर, निर्मलबस्ती र ठोरी गा.वि.स. हुनेछ ।

८. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः</u> (१) समितिबाट तयार भएका माइन्यूट लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी वा जग्गाको लगत कट्टा गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी प्रमाणपुर्जा वितरण गर्ने तथा जग्गाको लगत कट्टा गर्ने कार्य सम्बन्धित मालपोत कार्यालयले गर्नेछ ।

(३) यो आदेश बमोजिम समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय वा नापी कार्यालयमा र जिन्सी सामानहरु मालपोत कार्यालय, पर्सामा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

९. समितिको कार्य अवधिः-समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले एक वर्षको हुनेछ ।

१०. विविधः- (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) मन्त्रालयबाट दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना ५

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सुनसरी जिल्ला, इनरुवा नगरपालिका अन्तरगत जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापी भैरहेको गाउँब्लक जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, -

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित सुनसरी जिल्ला इनरुवा नगरपालिका अन्तरगत जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापी भैइरहेको जग्गाको जग्गा दर्ता सम्वन्धी समिति सम्झनु पर्छ ।

(ख) "नापनक्सा" भन्नाले जग्गा (नापजाँच) ऐन, २०१९ र जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम जग्गा नापजाँच गर्ने कार्य सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "टाउन एरिया", "बजार एरिया", "गाउँ एरिया" र "गाउँ ब्लक" भन्नाले जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम २०२६ सालमा नापी हुँदा फिल्डबुकमा "टाउन एरिया", "बजार एरिया", "गाउँ एरिया" र "गाउँ ब्लक" जनिई नाप नक्सा भई मालपोत कार्यालय, सुनसरीको मिति २०५१।३।३१ को निर्णयबाट तत्कालिन श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले नापी विभाग सम्झनु पर्छ ।

२. समितिको गठन : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख, जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुनसरी - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि जिल्ला विकास समितिको कार्यालय, सुनसरी - सदस्य

(ग) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय सुनसरी - सदस्य

(घ) प्रतिनिधि, इनरुवा नगरपालिका, सुनसरी - सदस्य

(ङ) प्रमुख, नापी कार्यालय, सुनसरी -सदस्य-सचिव

(२) समितिको बैठक महिनामा तीन पटकमा नबढाई समितिको अध्यक्षले उपयुक्त ठहऱ्याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकतानुसार राजनैतिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारको निर्णयानुसार विगतमा गठित सुनसरी जिल्लामा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापी भैरहेको जग्गाको जग्गा दर्ता सम्बन्धी समितिबाट तयार भएको नक्सा, फिल्डबुक लगायतका कागजातहरु कहाँ छन् ? पत्ता लगाई सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ख) सम्वत् २०२६ सालमा नाप नक्सा भई कायम भएको सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. १क, २, ५क, ५ख, ६क, ६ख र ६ग अन्तरगत टाउन एरिया, बजार एरिया, गाउँ एरिया र गाउँब्लक जनिई नाप नक्सा भएका जग्गाको फिल्डबुक उतार र जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपि आवश्यक्तानुसार मालपोत वा नापी कार्यालय सुनसरीबाट प्राप्त गर्ने,

(ग) विगतमा गठित समितिमा जग्गा दर्ताका लागि निवेदन नदिएका जग्गाधनीबाट दफा ४ बमोजिम निवेदन माग गर्ने,

(घ) विगतमा गठित समितिबाट जग्गा (नापजाँच) ऐन, २०१९ र जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम सम्पादन गर्न बाँकी रहेको जग्गाको सिमाना एकीन गर्ने, जग्गाको नक्सा तयार गर्ने, फिल्डबुक तथा प्लट रजिष्टर तयार गर्ने एवं विगतमा गठित समितिमा जग्गा दर्ताको लागि परेको निवेदन र दफा ४ बमोजिम परेका निवेदन उपर दफा ५ बमोजिम प्रमाण बुझ्ने, छानिवन गर्ने लगायतका सम्पूर्ण प्रक्रिया एवं कार्यविधि सम्बन्धी कार्य गर्ने,

(ङ) दफा ५ बमोजिमको प्रक्रिया पूरा भएपछि सम्वत् २०२६ सालमा नाप नक्सा हुँदा इनरुवा नगरपालिका वडा नं.१क कि.नं. ६४, ऐ.वडा नं. २ किनं. १३,२०,३२, ३३ ऐ. वडा नं. ५क कि.नं. ८४, १३१ ऐ. वडा नं. ५ख कि.नं. २५, ४१ ऐ.वडा नं. ६क कि.नं. ७४ ऐ. वडा नं. ६ख कि.नं. ८७, ९६, १४१, १५२ र ऐ. वडा ६ग कि.नं. ५९ जनिई नाप नक्सा भई नेपाल सरकारको नाममा दर्ता भएको जग्गा मध्ये प्रमाणको मूल्याँकनबाट नेपाल सरकारको नाममा दर्ता हुनु पर्ने देखिएका


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

सरकारी/सार्वजनिक जग्गाहरुको साविक नापी बमोजिमको नेपाल सरकारको जग्गाधनी दर्ता श्रेस्ता यथावत कायम राखी सो को आधारमा हालको नापी बमोजिमको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गर्ने र प्रमाणको मूल्यांकन गर्दा प्रचलित कानून बमोजिम व्यक्तिको नाममा दर्ता हुनु पर्ने अवस्थाका जग्गाहरु भूमि सम्बन्धी ऐन, २०२१ मा व्यवस्था भए बमोजिम हदबन्दी भित्र पर्ने भए साविक नापी बमोजिम नेपाल सरकारको नाममा रहेको दर्ता सच्याई सम्बन्धित जग्गाधनीको नाममा हालको नापी बमोजिमको जग्गा दर्ता गर्ने निर्णय गर्ने,

(च) खण्ड (ङ) बमोजिम समितिबाट भएको निर्णयको व्यहोरा फिल्डबुकमा जनाउने,

(छ) बुझाउन बाँकी रहेको आर्थिक वर्ष देखि चालू आर्थिक वर्ष सम्मको मालपोत असूलीका लागि स्थानीय निकायमा लेखी पठाइ रसिदको प्रतिलिपि प्राप्त भएपछि खण्ड (ज) बमोजिम गर्ने गराउने,

(ज) खण्ड (ङ) बमोजिम जग्गा दर्ता गर्ने गरी भएको निर्णयको आधारमा जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गरी सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गर्नका लागि मालपोत कार्यालय, सुनसरीमा लेखी पठाउने,

(झ) समितिको काम कारवाहीलाई छिटो छरितो बनाउनका लागि कार्य योजना बनाई कार्य सम्पादन गर्ने, गराउने,

(ञ) उपर्युक्त बमोजिम कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या आइपरेमा मन्त्रालयबाट निकासा लिई भएको निकासा बमोजिम गर्ने ।

४. निवेदन सम्बन्धी व्यवस्थाः दफा ७ बमोजिम समितिको कार्यक्षेत्र भित्र परेका र विगतमा गठित सुनसरी जिल्लामा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापी भैइरहेको जग्गाको जग्गा दर्ता सम्वन्धी समितिमा निवेदन दिन बाँकी रहेका


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गावालाहरुले समितिबाट सूचना प्रकाशित भएको ३० दिन भित्र हकभोग सम्बन्धमा देहायको कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः -

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय गाउँ विकास समितिले भोग सम्बन्धमा गरि दिएको सिफारिस,

(ग) साविक नापीको समयमा तयार भएको नक्सा प्रिन्ट र फिल्डबुक उतार,

(घ) मालपोत कार्यालय सुनसरीबाट उतार गरी लिएको साविक लगत र गाउँ ब्लकको लगतको प्रतिलिपि,

(ङ) मालपोतमा बुझाएको रसिदको प्रतिलिपि,

(च) अन्य व्यक्तिबाट हक हस्तान्तरण भई आएको भए लिखतको प्रतिलिपि,

(छ) भूमिसुधार कार्यालयमा पेश गरेको ७नं. फारमको प्रतिलिपि,

(ज) हक भोग सम्बन्धमा अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि ।

५. कार्यविधि : विगतमा गठित सुनसरी जिल्लामा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापी भैइरहेको जग्गाको जग्गा दर्ता सम्वन्धी समितिमा समितिको कार्यक्षेत्र भित्रको जग्गा दर्ताका लागि परेका निवेदन र दफा ४ बमोजिम पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण संकलन तथा छानविन गर्नेछः-

(क) निवेदनसाथ पेश भएका कागजहरु मालपोत कार्यालय, सुनसरी र नापी कार्यालय, सुनसरीमा रहेको सक्कल कागजातसंग भिडाई भिडाएको व्यहोरा पेश भएको कागजमा जनाउने,

(ख) रोक्का भिडाउने,

(ग) हकभोग सम्बन्धमा स्थानीय निकाय बुझ्ने,

(घ) प्रचलित कानून बमोजिम हकदावि सम्त्रन्धी ३५ दिने सार्वजनिक सूचना जारी गर्ने,

(ङ) प्रचलित कानून बमोजिम सरजमिन तथा स्थलगत निरीक्षण गर्ने,

(च) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिए सात दिनको म्याद दिई समितिमा झिकाउने र बयान लिने,

(छ) आवश्यक्ता अनुसार अन्य प्रमाण बुझ्ने।

६. समितिको कार्यालय : समितिको कार्यालय नापी कार्यालय, सुनसरीमा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

७. समितिको कार्यक्षेत्रः समितिको कार्य क्षेत्र इनरुवा नगरपालिका अन्तरगत २०२६ सालमा नापी हुँदा इनरुवा नगरपालिका वडा नं. १क कि.नं. ६४ वडा नं. २ को कि.नं. १३, २०, ३२ ,३३ वडा नं. ५क कि.नं.८४,१३१,वडा नं. ५ख कि.नं. २५, ४१ को वडा नं. ६क कि.नं. ७४, वडा नं. ६ख कि.नं. ८७, ९६, १४१, १५२ र वडा नं. ६ग कि.नं. ५९ हुनेछ ।

८. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ : (१) समितिबाट तयार भएका माइन्युट लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी प्रमाण पुर्जा तयार गरी सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, सुनसरीले गर्नेछ ।

(३) समितिबाट तयार भएको माईन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, सुनसरी वा नापी कार्यालय, सुनसरीमा र जिन्सी सामानहरु मालपोत कार्यालय, सुनसरीमा बुझाउनु पर्नेछ । यसरी वरवुझारथ गर्ने गराउने कर्तव्य सदस्य सचिवको हुनेछ ।

९. समितिको कार्य अवधिः समितिको कार्य अवधि कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ ।

१०. विविधः (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

(३) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

आज्ञाले,
सुशील घिमिरे
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।